# शिक्षा ऐन २०७४

## चापाकोट नगरकार्यपालिकाको कार्यालय

## चापाकोट, स्याङ्गजा

# शिक्षा ऐन २०७४

**प्रकाशन तथा प्रमाणीकरण मिति :२०७४/१०/१२**

राष्ट्रिय तथा स्थानिय विकासको लागि आवश्यक जनशक्ति तयार गर्न संघीय लोकतान्त्रिक गणतन्त्रात्मक व्यवस्था अनुकूल सबै नागरिकको शिक्षा सम्बन्धी अधिकारलाई सुनिश्चित गर्नको लागि नगरपालिकामा स्थापना भएका विद्यालय र भविष्यमा सञ्चालन हुने विद्यालय व्यवस्थापन गर्न तथा सबैका लागि शिक्षा अन्तर्गत गुणस्तरीय शिक्षा प्रदान गर्न नगरपालिकाको विकासको लागि आवश्यक जनशक्ति तयार गर्न वाञ्छनीय भएकोले नेपालको संविधान २०७२ को धारा २२१ को अनुसुची ८ तथा स्थानिय सरकार ऐन, २०७४ को दफा १०२ ले दिएको अधिकार प्रयोग गरि चापाकोट नगरकार्यपालिकाले चापाकोट नगर शिक्षा ऐन २०७४ बनाएको छ।

## परिच्छेद १
## प्रारम्भिक/परिभाषा

### १. संक्षिप्त नाम र प्रारम्भ र विस्तार :

(क) यस ऐन को नाम “शिक्षा ऐन २०७४ रहेको छ।

(ख) यो ऐन चापाकोट नगरपालिका भर लागु हनेछ।

(ग) यो ऐन चापाकोट नगरपालिकाको नगर सभाको मिति देखि लागु हुने छ।

### २ विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस ऐनमा :

क)“ऐन” भन्नाले चापाकोट नगरपालिका व्यवस्थापिकाले बनाएको शिक्षा ऐन लाई सम्झनु पर्दछ।

ख) “प्रमुख” भन्नाले चापाकोट नगरपालिकाको नगर प्रमुखलाई सम्झनु पर्दछ।

ग) “उपप्रमुख” भन्नाले चापाकोट नगरपालिकाको उपप्रमुखलाई सम्झनु पर्दछ।

घ) “वडा अध्यक्ष” भन्नाले चापाकोट लगरपालिकाको वडाको अध्यक्ष सम्झनु पर्दछ।

ङ) “नगरपालिका” भन्नाले चापाकोट नगरपालिका सम्झनु पर्दछ।

च) “नगरसभा” भन्नाले संविधानको धारा २२३ को उपदफा (१) बमोजिमको नगरसभा सम्झनु पर्दछ ।

छ) “संविधान” भन्नाले नेपालको संविधान २०७२ लाई सम्झनु पर्दछ ।

ज) “शिक्षा समिती” भन्नाले दफा (५) बमोजिम गठित भएको समितीलाई सम्झनु पर्दछ ।

झ) “प्रमुख प्रशासकिय अधिकृत” भन्नाले चापाकोट नगरपालिकाको प्रमुख प्रमुख प्रशासकीय अधिकृतलाई सम्झनु पर्छ ।

ञ) “आधारभूत शिक्षा” भन्नाले प्रारम्भिक बाल शिक्षादेखि कक्षा आठसम्म दिइने शिक्षा सम्झनु पर्दछ ।

ट) “माध्यामिक शिक्षा” भन्नाले कक्षा नौदेखि कक्षा बाह्रसम्म दिइने शिक्षा सम्झनु पर्दछ ।

ठ) “विशेष शिक्षा” भन्नाले दृष्टिविहिन, बहिरा, बौद्धिक अपाङ्गता, सुस्त श्रवण वा अति अशक्त शारीरिक अपाङ्गता भएका बालबालिकालाई छुट्टै समूहमा राखी विशेष प्रकार र निश्चित माध्यमबाट दिइने शिक्षा सम्झनु पर्दछ ।

ड) “समावेशी शिक्षा” भन्नाले देहायको शिक्षा दृष्टिविहिन, न्यून दृष्टियुक्त, बहिरा सुस्त श्रवण, अटिज्म, बौद्धिक, शारीरिक वा अन्य अपाङ्गता भएका बालबालिकालाई नियमित शैक्षिक पद्धतिको अधिनमा रही दिइने शिक्षा सम्झनु पर्दछ । सामाजिक , आर्थिक वा भौगोलिक कारणले पछाडि पारिएका व्यक्तिलाई विभेद रहित वातावरणमा दिइने शिक्षा ।

ढ) “सामुदायिक विद्यालय” भन्नाले नेपाल सरकार वा प्रदेश सरकार वा स्थानिय सरकार बाट नियमित रुपमा अनुदान पाउने गरी अनुमति वा स्वीकृति प्राप्त विद्यालय सम्झनु पर्दछ ।

ण) “संस्थागत विद्यालय” भन्नाले नेपाल सरकार वा प्रदेश सरकार वा स्थानिय सरकार बाट नियमित रुपमा अनुदान नपाउने गरी गरी निजी पहलबाट अनुमति वा स्वीकृति प्राप्त विद्यालय सम्झनुपर्दछ ।

त) “आधारभूत विद्यालय” भन्नाले खण्ड (ट) बमोजिम शिक्षा दिइने विद्यालय सम्झनु पर्दछ ।

थ) “विद्यालय शिक्षा” भन्नाले आधारभूत र माध्यामिक शिक्षा सम्झनु पर्दछ ।

द) “विद्यालय” भन्नाले सामुदायिक विद्यालय वा संस्थागत विद्यालय सम्झनु पर्दछ ।

ध) “प्रारम्भिक वाल विकास शिक्षा” भन्नाले पाँच वर्ष मुनिका बालबालिकालाई एक वर्षको पूर्व प्राथमिक शिक्षा दिने विद्यालय सम्झनु पर्दछ ।

न) “माध्यामिक विद्यालय” भन्नाले खण्ड (ट) र (ठ) बमोजिमको शिक्षा दिइने विद्यालय सम्झनु पर्दछ ।

प) “प्रारम्भिक विद्यालय” भन्नाले खण्ड (झ) बमोजिम शिक्षा दिइने विद्यालय सम्झनु पर्दछ ।

फ) “अभिभावक” भन्नाले विद्यालयमा अध्ययनरत विद्यार्थीहरुका अभिभावक भनि विद्यालयको अभिलेखमा जानिएका व्यक्ति सम्झनु पर्दछ र दफा १२ को प्रयोजनका लागि विद्यार्थीको बाबु आमा, बाजे वा बज्यै र त्यस्ता अभिभावक नभएका विद्यार्थीको हकमा त्यस्तो विद्यार्थीलाई संरक्षकत्व प्रदान गर्ने व्यक्तिलाई सम्झनु पर्दछ ।

ब) “कर्मचारी” भन्नाले सामुदायिक विद्यालयमा कार्यरत शिक्षक वाहेकका अन्य कर्मचारी सम्झनु पर्दछ ।

भ) “शिक्षक” भन्नाले विद्यालयको अध्यापक सम्झनु पर्छ र सो शब्दले प्रधानाध्यापक समेतलाई जनाउँछ ।

म) “स्वीकृति” भन्नाले तोकिए बमोजिम शर्त पुरा गरेको विद्यालयलाई नगरपालिकाले दिएको स्थायि स्वीकृतिलाई जनाउँछ भने “शुल्क” भन्नाले विद्यालयले नियम बमोजिम विद्यार्थीसँग लिन पाउने शुल्क सम्झनुपर्छ ।

य) “आवसीय विद्यालय” भन्नाले नगरपालिका बाट आवसीय विद्यालयको रुपमा स्वीकृति प्रदान गरिएको विद्यालयलाई जनाउँछ ।

र) “शैक्षिक गुठी” भन्नाले विद्यालय सञ्चालन गर्नको लागि कुनै व्यक्तिले नाफा नलिने उद्देश्यले स्थापना गरेको सार्वजनिक वा निजि गुठी सम्झनु पर्दछ ।

ल) “धार्मिक विद्यालय” भन्नाले परम्परागत रूपमा चलिआएका गोन्पा, गुरुकुल, आश्रम,मदरसा जस्ता धार्मिक विद्यालयहरूलाई जनाउँदछ ।

व) “ विद्यालय सुपरिवेक्षक” भन्नाले विद्यालय निरीक्षण गर्न तोकिएको अधिकृत वा स्रोत ब्यक्तीलाई समेत सम्झनु पर्छ ।

श) “अनुमति” भन्नाले नगरपालिकाले स्थायि स्वीकृति र सहायता प्रदान नगरेको कुनै तोकिएको ठाउँ वा क्षेत्रमा विद्यालय खोल्न वा कक्षा थप गर्न दिएको अस्थायी स्वीकृतिलाई जनाउँछ ।

ष) “परीक्षा समिति” भन्नाले परीक्षा सञ्चालन तथा समन्वय समितिलाई सम्झनु पर्छ ।

स) “प्रधानाध्यापक” भन्नाले विद्यालयको प्रधानाध्यापक सम्झनु पर्छ ।

ह) "व्यवस्थापन समिति" भन्नाले नियम ८ बमोजिम गठन हुने विद्यालय व्यवस्थापन समिति सम्झनु पर्छ ।

क्ष) "शिक्षा अधिकृत" भन्नाले नगरपालिकाको शिक्षा शाखाको प्रमुख वा सो प्रमुखको कामकाज गर्न तोकिएको कर्मचारीलाई सम्झनु पर्छ ।

त्र) "शिक्षा शाखा" भन्नाले यस नगरपालिकामा रहेको शिक्षा हेर्ने विभाग/शाखा वा एकाईलाई सम्झनु पर्छ ।

ज्ञ) "तोकिएको वा तोकिए बमोजिम" भन्नाले यस ऐन अन्तर्गत बनेका नियममा तोकिएको वा तोकिए बमोजिम सम्झनु पर्दछ ।

## परिच्छेद - २

## शिक्षाको प्रकार, विद्यालयको वर्गीकरण, अनुमती, स्वीकृती, समायोजन तथा नियमन सम्बन्धी व्यवस्था :

**३.माध्यमिक शिक्षाको प्रकारः**

(१)माध्यमिक शिक्षा देहायका प्रकारका हुन्छन्:-

(क) साधारण माध्यमिक शिक्षा

(ख) संस्कृत माध्यमिक शिक्षा ।

(ग) प्राविधिक तथा व्यावसायिक माध्यमिक शिक्षा ।

**४. शिक्षाको माध्यमः**

(१) विद्यालयमा शिक्षाको माध्यम नेपाली भाषा, अंग्रेजी भाषा वा दुबै भाषा हुनेछ तर बद्लिदो समय अनुकुल अंग्रेजी माध्यमलाई प्राथमिकता दिइनेछ ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि देहायको अवस्थामा विद्यालयमा शिक्षाको माध्यम देहायबमोजिम हुन सक्नेछ :-

(क) आधारभूत (कक्षा ५) सम्म मातृभाषामा शिक्षा दिन सकिनेछ,,

(ख) गैर नेपाली नागरिकले नेपालको विद्यालयमा अध्ययन गर्दा अनिवार्य नेपाली विषयको सट्टा अन्य कुनै भाषाको विषय अध्ययन गर्नसक्नेछ,

(ग) भाषा विषयमा अध्ययन गराउँदा शिक्षाको माध्यम सोही भाषाहुनेछ ।

(३). नगरपालिकाले आवश्यक पूर्वाधारको व्यवस्था गरी विशेष शिक्षा, समावेशी शिक्षा, अनौपचारिक शिक्षा, निरन्तर शिक्षा, दूर शिक्षा तथा खुला शिक्षा सञ्चालनको व्यवस्था गर्न सक्नेछ ।

(४) विद्यालयको वर्गीकरण: विद्यालयलाई तोकिएको आधारमा वर्गीकरण गरिनेछ ।

(क) सामुदायिक विद्यालय

(ख) संस्थागत विद्यालय

(ग) गुठी विद्यालय

## ५. विद्यालय खोल्न अनुमती लिनुपर्ने :

(१) कुनै नेपाली नागरिकले विद्यालय खोल्न चाहेमा तोकिएको विवरण खुलाई शैक्षिक सत्र सुरुहुनु भन्दा ३ महिना पहिले नगर प्रमुख वा नगर प्रमुखले तोकेको अधिकारी समक्ष अनुमतीको लागि निवेदन दिनुपर्नेछ । त्यसरी निवेदन दिदा संस्थागत विद्यालय खोल्न चाहनेले सो विद्यालय, कम्पनी वा गुठी कुन रुपमा सञ्चालन गर्ने हो सो कुरा समेत निवेदनमा उल्लेख गर्नुपर्नेछ ।

(२) उपदफा (१) बमोजिम निवेदन परेमा नगर प्रमुख वा नगर प्रमुखले तोकेको अधिकारी वा नगर शिक्षा समिती बाट सो निवेदन उपर आवश्यक जाँचबुझ गर्नेछ र जाँचबुझ गर्दा विद्यालय खोल्ने अनुमती दिन मनासिव देखिएमा तोकिएको शर्त बन्देज पालना गर्ने गरि अनुमती दिनेछ ।

(३) यसरी अनुमती लिइ खोलिएको विद्यालयले तोकिएको शर्त बन्देज पालना गरेको देखिएमा नगर प्रमुख वा नगर प्रमुखले तोकेको अधिकारीले स्वीकृति प्रदान गर्नेछ ।

(४) यस ऐन लागु हुदा सञ्चालन भइरहेका विद्यालयले कम्पनि वा शैक्षिक गुठी कुन अन्तर्गत सञ्चालन गर्ने हो सो सम्बन्धमा तोकिएको विवरण खुलाई यो ऐन लागु भएको एक वर्ष भित्र नगर प्रमुख वा नगर प्रमुखले तोकेको अधिकारी समक्ष निवेदन दिनुपर्नेछ ।

(५) उपदफा (४) बमोजिम निवेदन परेमा नगर प्रमुख वा नगर प्रमुखले तोकेको अधिकारीले निवेदन उपर आवश्यक जाचबुझ गर्नेछ र जाचबुझ गर्दा निवेदन दिने विद्यालयको माग मनासिव देखिएमा माग बमोजिम विद्यालय सञ्चालन गर्न स्वीकृति दिनेछ ।

(६) यस ऐन बमोजिम कम्पनी अन्तर्गत सञ्चालन भएको कुनै विद्यालय शैक्षिक गति अन्तर्गत विद्यालय सञ्चालन गर्न चाहेमा कानुन बमोजिम कम्पनी खारेज गरी तोकिएको विवरण खुलाई नगर प्रमुख वा नगर प्रमुखले तोकेको अधिकारी समक्ष निवेदन दिनुपर्नेछ ।

(७) उपदफा (५)बमोजिम प्राप्त भएको निवेदन जाचबुझ गर्दा निवेदन माग बमोजिम शैक्षिक गुठी अन्तर्गत विद्यालय सञ्चालन गर्न मनासिव देखिएमा नगर प्रमुख वा नगर प्रमुखले तोकेको अधिकारीले त्यस्तो विद्यालयलाई शैक्षिक गुठी अन्तर्गत सञ्चालन गर्न स्वीकृति दिनेछ ।

(८) विदेशी शिक्षण संस्था सँग सम्बन्ध गरी विद्यालय खोल्न चाहेमा नेपाल सरकारको स्वीकृति र सम्बन्धीत देशको कुटनैतिक नियोगको सिफारिस सहित निवेदन दिएको अवस्थामा नगर प्रमुख वा नगर प्रमुखले तोकेको अधिकारी ले त्यस्तो विद्यालयलाई आवश्यक शर्तसहित सञ्चालन गर्न स्वीकृति दिनेछ तर यस उपदफाका बमोजिम स्वीकृति प्राप्त विद्यालयको सम्बन्धमा यस ऐन बमोजिमको व्यवस्था लागु हुने छैन ।

(९) उपदफा (८) बमोजिम स्वीकृति प्राप्त विद्यालयले शर्त बमोजिम विद्यालय सञ्चालन नगरेमा नगरपालिकाले जुनसुकै बखत त्यस्तो विद्यालय बन्द गर्न सक्नेछ ।

(१०) नगरपालिकाले प्रारम्भिक बाल शिक्षाको सञ्चालन तथा व्यवस्थापन सम्बन्धमा थप व्यवस्था गर्न सक्नेछ ।

**६. सामुदायिक सिकाइ केन्द्र सञ्चालन गर्न सक्नेः** नगरपालिकाले समुदायमा साक्षरता, सीप विकास र निरन्तर सिकाइ समेतको काम गर्न तोकिए बमोजिम सामुदायिक सिकाइ केन्द्र सञ्चालन गर्न सक्नेछ । यस्तो केन्द्रमा सामुदायिक पुस्तकालय र वाचनालय सञ्चालन हुन सक्नेछ । I.C.T मा आधारित प्रविधि प्रयोग गरिनेछ ।

**७. नगरपालिकाले विद्यालय सार्न, गाभ्न, नाम परिवर्तन गर्न वा बन्द गर्न सक्ने :**

(१) नगरपालिकाले तोकिएको मापदण्ड बमोजिम हाल सञ्चालन भइरहेका आधारभुत तह (१-३) को ३० मिनेटको पैदल दुरी र आधारभुत तह (१-८) ४५ मिनेट को दुरीमा रहेका कुनै विद्यालयलाई एक स्थानबाट अर्को स्थानमा सार्न वा दुई वा दुई भन्दा बढी विद्यालयलाई गाभी एउटा विद्यालय कायम गर्न वा विद्यालय बन्द गर्न वा तोकिएको ठाउँ वा क्षेत्रमा विद्यालय खोल्न वा विद्यालयमा कक्षा थप गरी सञ्चालन गर्न अनुमति वा स्वीकृति दिन सक्नेछ । तर एक शैक्षिक शत्रमा १ कक्षामात्र थप गर्न अनुमति दिइने छ ।

(२) विद्यालयको नाम परिवर्तन गर्नु परेमा नाम परिवर्तन गर्नु पर्ने उपयुक्त कारण सहित तोकिएको विवरण र ढाँचामा नगर शिक्षा समिति मार्फत नगरपालिकामा स्वीकृतीका लागि पेश गर्नु पर्नेछ ।

(३) उपदफा (२) बमोजिम पेश हुन आएको निवेदन उपर नगर शिक्षा समितिको सिफारिसमा नगरपालिकाले नाम परिवर्तनको स्वीकृती दिन सक्नेछ ।

४) विद्यालयको नाम राख्दा वा परिवर्तन गर्दा कुनै व्यक्ति विशेषको नाम, धार्मिक तथा जातिगत पहिचान झल्किने प्रकारको नाम राख्न पाइने छैन । माध्यमिक तहको हकमा ५००००००।– (पचासलाख रुपैया मात्र), आधारभूत तहको हकमा ३००००००। (तिस लाख रुपैया मात्र) रुपैया प्रदान गरेमाव्यक्तिको नाममा विद्यालयको नाम परिवर्तन गर्न बाधा पुगेको मानिने छैन ।

**८. विद्यालयको सञ्चालन सम्बन्धी अन्य व्यवस्था :** तोकिएको बमोजिम हुनेछ ।

## परिच्छेद -३
## नगरशिक्षा समिति गठन, काम कर्तव्य र अधिकार सम्बन्धी व्यवस्था

९. **नगरशिक्षा समिति** : (१) विद्यालय सञ्चालन, समन्वय र व्यवस्थापन गर्न नगरपालिकामा १३ जनाको निम्न बमोजिमको एक शिक्षा समिति रहनेछ । यस समितिले प्रारम्भिक बालशिक्षा, आधारभूत शिक्षा, विशेष शिक्षाको परिक्षा सञ्चालन, समन्वय र व्यवस्थापन गर्नेछ ।

क) नगरपालिका प्रमुख - अध्यक्ष

ख) नगर उपप्रमुख - उपाध्यक्ष

ग) प्रमुख प्रशासकिय अधिकृत - सदस्य

घ) नगरपालिका वडाअध्यक्षहरु मध्येबाट २ जना - सदस्य

ङ) सामुदायिक तथा संस्थागत माध्यामिक विद्यालयका प्रधानाध्यापकहरु मध्येवाट १ जना - सदस्य

च) मान्यता प्राप्त विश्वविद्यालयबाट कम्तिमा स्नातकोत्तर उपाधि हासिल गरेको र शिक्षा क्षेत्रको परिक्षा सम्बन्धी क्षेत्रमा कम्तिमा १५ बर्षको अनुभव प्राप्त व्यक्तिहरुमध्ये समितीले नियुक्ति गरेको १ व्यक्ति - सदस्य

छ) प्राध्यापन शिक्षा, प्रशासन र परिक्षा क्षेत्रमा काम गरेका व्यक्तिहरुमध्येबाट कम्तिमा १ जना महिला सहित २ जना - सदस्य

ज) नगरपालिका क्षेत्र भित्र रहेको विद्यालय व्यवस्थापन समितिका अध्यक्षहरु बाट नगर शिक्षा समितिले मनोनित गरेको १ जना - सदस्य

झ) नगरपालिका स्थित विशेष शिक्षा, समावेशी शिक्षा वा स्रोत कक्षा सञ्चालन गर्ने विद्यालय वा शिक्षण संस्थाबाट प्रतिनिधित्व हुनेगरी नगर शिक्षा समितिले मनोनित गरेको १ जना व्यक्ति - सदस्य

छ) प्राविधिक शिक्षा तथा व्यवसायिक शिक्षा सञ्चालन गर्ने विद्यालयबाट अध्यक्ष ले मनोनित गरेको प्रतिनिधि १ जना -सदस्य

झ) नगरपालिकाको शिक्षा शाखा प्रमुख १ - सदस्य सचिव

मनोनित सदस्यको कार्यकाल १ बर्ष वा नगर प्रमुखले तोकिएको बमोजिम हुनेछ ।

## १०. शिक्षा समितिको काम, कर्तव्य र अधिकार :

विधेयक तथा यस नियमावलीमा अन्यत्र लेखिएका काम, कर्तव्य र अधिकारका अतिरिक्त शिक्षा समितिको अन्य काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ :

(क) शिक्षा शाखावाट पेश भएको शैक्षिक योजना माथि छलफल गरी स्वीकृतिको लागी कार्यपालिकामा पेश गर्ने

(ख) नगरपालिकामा स्वस्थ शैक्षिक वातावरण कायम राख्न तथा शिक्षाको गुणस्तर बृद्धि गर्न शिक्षा शाखा मार्फत पेश भएको कार्ययोजना माथि छलफल गरी आबस्यक देखिएमा परिमार्जन सहित स्वीकृत गर्ने,

(ग) नेपाल सरकारको स्वीकृत नीति र निर्देशन अनुरूप विशेष आवश्यकता शिक्षा, समावेशी शिक्षा, अनौपचारिक शिक्षा, निरन्तर शिक्षा, दूर शिक्षा तथा खुला शिक्षा कायक्रम सञ्चालन सम्बन्धी आवश्यक व्यवस्था गर्ने,

(घ) विद्यालयलाई आर्थिक सहायता उपलव्ध गराउने तथा त्यस्तो सहायताको लागि सम्बन्धित निकायमा सिफारिस गर्ने,

(ङ) शिक्षक, कर्मचारी तथा विद्यार्थी कल्याणको लागि स्वीकृत शिक्षा योजना वमोजिम आवश्यक कार्यक्रम बनाउने,

(च) विद्यालयको सम्पत्तिको सुरक्षा गर्न तथा विद्यालयको समृद्धिको लागि आवश्यक व्यवस्था गर्ने,

(छ) विद्यालयको विकासको लागि सञ्चालित शैक्षिक कार्यक्रमलाई सहयोग गर्ने,

(ज) विद्यालयको लेखापरीक्षण सम्बन्धमा लेखापरीक्षकले दिएको प्रतिवेदन अनुसार आवश्यक कारबाही गर्ने, गराउने,

(ञ) विद्यालयलाई आर्थिक रूपमा आत्मनिर्भर गराउन योजना बनाई कार्य गर्ने,

(ट) विद्यालय बन्द गर्न सिफारिस गर्ने,

(ठ) शैक्षिक क्यालेण्डर बनाई विद्यालय सञ्चालन गर्न शिक्षा शाखा मार्फत व्यवस्थापन समितिलाई निर्देशन दिने,

(ड) नगर स्तरीय खेलकुद, स्काउट तथा साँस्कृतिक कार्यक्रमको सञ्चालन तथा विकासको लागि आर्थिक स्रोत  जुटाउने र प्राप्त रकम खर्च गर्न शिक्षा शाखालाई निर्देशन दिने,

(ढ) आवासीय विद्यालयका विद्यार्थीका लागि खाना तथा पौष्टिक आहारको गुणस्तर तोक्ने ।

(न) नगरकार्यपालिका तथा  नगर सभावाट स्वीकृत शिक्षा योजना र मापदण्ड भित्र रही आवश्यक निर्देशन दिने ।

(प) विद्यालयले कायम गर्नु पर्ने न्युनतम सरसफाई तथा शौचालयको मापदण्ड तोक्ने ।

(फ) नगर क्षेत्र भित्र विशेष आवश्यकता भएका वालबालिकाको तथ्यांक संकलन गरी उनीहरुका लागि उचित विद्यालय व्यवस्थापन गर्न आधार तयार पारि सोही अनुसारको पठनपाठन व्यवस्था मिलाउने ।

(ब) विद्यालय सुधार तथा बिकासका लागि नीति निर्देशन गर्ने ।

## ११. शिक्षा शाखा प्रमुखको काम कर्तव्य र अधिकारः

(१) नगरस्तरीय शिक्षा योजना तर्जुमा गरी प्र.प्र अधिकृत मार्फत नगरकार्यपालिकामा पेश गर्ने

(२) नगरपालिका तथा नगरशिक्षा समितिबाट शिक्षा तथा शैक्षिक विकासका लागि पारित नीति तथा कार्यक्रमको कार्यान्वयन गर्ने तथा प्राप्त निर्देशन पालना गर्ने ।

(३) विद्यालय तथा शैर्क्षिक निकायहरुको अनुगमन तथा सुरिवेक्षण गर्ने, गराउने ।

(४) नगरकार्यपालिका, नगर शिक्षा समितिलाई शैक्षिक विकासका लागि आवश्यक सुझाव तथा परामर्श दिने ।

(५) शिक्षकहरुको कार्य सम्पादन मूल्याङ्कनका लागि तोकिय बमोजीम गरी गर्ने र सम्वन्धीत माथिल्लो निकायमा पठाउने ।

(६) नगरपालिका शिक्षा समितिको सदस्य सचिवको भूमिकानिर्वाह गर्ने

(७) शिक्षा शाखा प्रमुखका अन्य काम कर्तव्य र अधिकार तोकिए बमोजिम हुनेछ ।

## परिच्छेद - ४
## परिक्षा सञ्चालन र व्यवस्थापन सम्बन्धी व्यवस्था

**१२. परिक्षा सञ्चालन र व्यवस्थापन सम्बन्धी व्यवस्था :** (१) आधारभूत तह कक्षा ८ सम्मको अन्तिम परिक्षा सञ्चालन व्यवस्थापन नगर शिक्षा समितिले गर्नेछ ।

(२) माध्यामिक तह सम्मका सवै किसिमका सम्पुर्ण परिक्षा सञ्चालन व्यवस्थापन नगर शिक्षा समितिले गर्नेछ ।

(३) माध्यामिक तहका परीक्षाहरु नेपाल सरकार र प्रदेश सरकारको समन्वयमा सञ्चालन हुनेछ ।

(४) परिक्षा सञ्चालन सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ ।

(५) शिक्षाको माध्यम : (१) विद्यालयमा शिक्षण माध्यम नेपाली भाषा, अंग्रेजी भाषा वा दुवै भाषामा हुनेछ ।

(६) आधारभूत शिक्षाको मान्यता : आधारभूत शिक्षा उत्तिर्ण प्रमाणपत्रको प्राप्त भए पश्चात माध्यामिक तहको अध्ययन गर्ने विद्यार्थीलाई वञ्चित गरिने छैन ।

## परिच्छेद - ५
## विद्यालय व्यवस्थापन समिति

**१३. सामुदायिक विद्यालयको व्यवस्थापन सम्बन्धी व्यवस्था :**

(१) सामुदायिक विद्यालयको सञ्चालन , रेखदेख र व्यवस्थापन गर्नको लागि प्रत्येक विद्यालयमा देहायका सदस्यहरु रहेको एका विद्यालय व्यवस्थापन समिति रहने छ ।

(क) अभिभावकले आफुमध्येबाट छानी पठाएको २ जना महिला सहित ४ जना - सदस्य

(ख) विद्यालयका संस्थापक, स्थानिय बुद्धिजिवि, शिक्षाप्रेमी विद्यालयलाई निरन्तर पाँच बर्ष देखि निरन्तर सहयोग गर्ने, विद्यालयलाई ३० लाख वा सो भन्दा वढी नगद वा जिन्सी सहयोग गरेका व्यक्तिहरु मध्येबाट विद्यालय व्यवस्थापन समितिले मनोनित गरेको १ जना महिला सहित २ जना - सदस्य

(ग) विद्यालय रहेको नगरपालिकाको सम्बन्धीत वडाको वडा अध्यक्ष वा वडा समितिका सदस्यहरुमध्येबाट सो वडा समितिले मनोनयन गरेको सदस्य - सदस्य

(घ) विद्यालयका शिक्षकले आफुहरुमध्येवाट छानी पठाएका एकजना - सदस्य

(ङ) विद्यालय स्तरीय बालक्लवले मनोनयन गरेको एक जना -स्थायी आमन्त्रित सदस्य

(च) विद्यालयका प्रधानाध्यापक - सदस्य सचिव

(२) व्यवस्थापन समितिका सदस्यहरु बाट १ जना अध्यक्ष चयन गरिने छ । सो अध्यक्षको चयन नहुदा सम्म सो समितिका जेष्ठ सदस्यले अध्यक्षता गर्ने छ ।

तर विद्यालय व्यवस्थापन समिति गठन प्रकृयाको कममा विवाद आएमा नगर शिक्षा समितिको निर्णयबाट व्यवस्थापन समिति गठन गर्नेछ ।

(३) उपरोक्त अनुसार (ग),(घ),(ङ) र (च) अनुसारको व्यक्ति अध्यक्ष हुन पाउने छैन ।

(४) माध्यामिक वा मथिल्लो तहको विद्यालय व्यवस्थापन समितिको अध्यक्ष हुन कम्तिमा एस . एल. सि वा सो सरह को योग्यता भएको हुनु पर्दछ ।

(५) प्राविधिक र व्यवसायिक विषयमा अध्ययन वा तालीम गराइने माध्यामिक विद्यालयका विद्यालय व्यवस्थापन समितिमा नगरपालिकामा रहेको उद्योग तथा वाणिज्य संघको महिला सहित २ जना प्रतिनिधि सदस्य रहने छन् ।

(६) विशेष शिक्षा सञ्चालन गर्ने विद्यालयको व्यवस्थापन समितिमा कम्तिमा पचास प्रतिशत सदस्यहरु अपाङ्गता भएका व्यक्तिको अभिभावक र समावेशी शिक्षा वा स्रोत कक्षा सञ्चालन गर्ने विद्यालय व्यवस्थापन समितिमा कम्तिमा १ जना व्यक्ति अपाङ्गता भएका व्यक्ति सदस्य रहनेछ ।

(७) शैक्षिक सत्र शुरु भएको साठी दिन भित्र विद्यालय व्यवस्थापन समिती गठन गरिसक्नु पर्नेछ सो को पदावधी तेश्रो बर्षको चैत्र मसान्तमा समाप्त हुनेछ र नयाँ ऐन जारी भएपछी सवै विद्यालय व्यवस्थापन समिती नयाँ गठन हुनेछन् ।

**१४. संस्थागत विद्यालयको व्यवस्थापन समिती सम्बन्धी व्यवस्था :** (१)संस्थागत विद्यालयको सञ्चालन , रेखदेख र व्यवस्थापन गर्नका लागि प्रत्येक विद्यालयमा देहायका सदस्यहरु रहेको एक विद्यालय व्यवस्थापन समिति रहनेछन् ।

(क) विद्यालयको संस्थापक वा लगानीकर्ताहरु मध्येबाट विद्यालयको सिफारिसमा नगर शिक्षा समितिले मनोनित गरेको व्यक्ति - सदस्य

(ख) अभिभावकहरु मध्येबाट एक महिला समेत गरि विद्यालय व्यवस्थापन समितिले मनोनित गरेको दुई जना - सदस्य

(ग) स्थानिय शिक्षा प्रेमी वा समाजसेवीहरुमध्येबाट सम्बन्धीत नगरपालिकाले मनोनित गरेको एक जना - सदस्य

(ङ) सम्वन्धित वडाको वडाध्यक्ष - सदस्य

(घ) सम्बन्धीत क्षेत्रको विद्यालय निरिक्षक - सदस्य

(ङ) सम्बन्धीत विद्यालयको प्रधानाध्यापक - सदस्य सचिव

**१५.** व्यवस्थापन समितीको बैठक १ महिनामा कम्तिमा १ पटक बस्नुपर्ने छ । व्यवस्थापन समितिमा रहने सदस्यहरु मध्ये पदेन सदस्य बाहेक अन्य सदस्यहरुको पदावधि नियुक्ति, मनोनयन गरेको मितिले दुई वर्षको हुनेछ । त्यस्ता अध्यक्ष वा सदस्यले आफ्नो पद अनुसारको आचरण नगरेको देखिएमा त्यसरी छान्ने वा मनोनयन गर्ने अभिभावक पदाधिकारी वा निकायले निजलाई जुनसुकै वखत पदबाट हटाउन सक्नेछ । तर त्यसरी पदबाट हटाउनु अघि निजलाई आफ्नो सफाई पेश गर्ने मौकाबट वञ्चित गरिने छैन ।

**१६. व्यवस्थापन समितिको अध्यक्ष र सदस्य हुन नसक्ने :** देहायको व्यक्ति व्यवस्थापन समितिको अध्यक्ष र सदस्य हुन सक्ने छैन ।

(क) गैर नेपाली नागरिक,

(ख) पच्चीस वर्ष उमेर पूरा नभएको (वाल क्लबको प्रतिनिधी बाहेक) ,

(ग) प्रचलित कानून बमोजिम कालो सूचीमा परेको,

(घ) नैतिक पतन देखिने फौजदारी अभियोगमा अदालतबाट कसूरदार ठहरिएको ,

**१७. व्यवस्थापन समिति विघटन गर्न सक्ने :** (१) कुनै विद्यालयको विद्यालय व्यवस्थापन समितिले तोकिएको जिम्मेवारी पूरा गर्न नसकेमा सोको कारण खुलाई नगर शिक्षा समितिले त्यस्तो विद्यालय व्यवस्थापन समिति विघटन गर्न सक्नेछ । तर त्यसरी विघटन गर्नु अघि विद्यालय व्यवस्थापन समितिलाई आफ्नो सफाई पेश गर्ने मनासिव मौका दिनु पर्नेछ ।

(२) उपदफा (१) बमोजिम विद्यालय व्यवस्थापन समिति विघटन भएपछि अर्को विद्यालय व्यवस्थापन समिति गठन नभएसम्म वा अन्य कुनै कारणले विद्यालय व्यवस्थापन समिति गठन नभएसम्म विद्यालय व्यवस्थापन समितिको काम गर्न शिक्षा समितिले एक अस्थायी विद्यालय व्यवस्थापन समिति गठन गर्न सक्नेछ ।

देहायका अवस्थामा शिक्षा समितिको सिफारिसमा नगर कार्यपालिकाले समिति विघटन गर्न सक्नेछ -

(क) विद्यालयको सम्पत्ति हिनामिना गरेमा,

(ख) विद्यालयको शैक्षिक वातावरण खल्बल्याएमा,

(ग) प्रचलित कानुन तथा नेपाल सरकार, प्रदेश सरकार तथा स्थानीय तहको नीति एवम् हित विपरीत काम गरेमा,

(घ) विद्यालयको व्यवस्थापन सन्तोषजनक रूपमा गर्न नसकेमा, वा

(ङ) सम्बन्धित निकाय वा अधिकारीले दिएको कानून अनुसारको निर्देशन पटक-पटक उलंघन

गरेमा ।

**१८. सामुदायिक विद्यालयको विद्यालय व्यवस्थापन समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ :**

(क) विद्यालय सञ्चालनको लागि प्राप्त साधन र स्रोतको परिचालन गर्ने,

(ख) विद्यालयको चल, अचल सम्पत्तिको लगत राख्ने, राख्न लगाउने र सुरक्षा गर्ने,

(ग) विद्यालयको शैक्षिक, भौतिक तथा आर्थिक तथ्याङ्क र विवरण अद्यावधिक गराई राख्ने,

(घ) विद्यालयको वार्षिक बजेट स्वीकृत गर्ने र त्यसको जानकारी नगर शिक्षा समितिलाई दिने,

(ङ) विद्यालयमा स्वच्छ शैक्षिक वातावरण कायम राख्न राजनैतिक, धार्मिक वा साम्प्रदायिक भावनाको आधारमा विद्यालयको वातावरण धमिल्याउन नदिने,

(च) नगरपालिकाले तोकेको लेखापरीक्षकबाट विद्यालयको वार्षिक लेखापरिक्षण गराउने,

(छ) लेखापरिक्षकको प्रतिवेदन अनुसार तत्काल आवश्यक कारबाही गर्ने र त्यसको प्रतिबेदन नगर शिक्षा समितिमा पेश गर्ने,

(ज) नगर शिक्षा समिति र माथिल्लो निकायले दिएको आदेश तथा निर्देशनहरुका पालना गर्ने,

(ञ) आफैले नियुक्त वा बढुवा गरेका शिक्षकको लागि तोकिए बमोजिमका पारिश्रमिक तथा सुविधाको व्यवस्था गर्ने,

(ट) शिक्षाको गुणस्तर कायम गर्ने सम्बन्धमा शिक्षक अभिभावक संघ गठन गर्ने ।

**१९. संस्थागत विद्यालयको विद्यालय व्यवस्थापन समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ :**

(क) विद्यालय सञ्चालनको लागि प्राप्त साधन र स्रोतको परिचालन गर्ने,

(ख) विद्यालयको लागि आवश्यक भौतिक साधनको व्यवस्था गर्ने,

(ग) ) विद्यालयको चल, अचल सम्पत्तिको सुरक्षा वर संरक्षण गर्ने,

(घ) विद्यालयमा स्वच्छ शैक्षिक वातावरण कायम राख्ने,

(ङ) नेपाल सरकार ,प्रदेश सरकार र स्थानिय सरकारले लागू गरेको पाठ्यक्रम तथा पाठ्यपुस्तक अनिवार्य रुपमा लागू गर्ने र अन्य सहयोगी पाठ्यपुस्तकहरु पढाउन आवश्यक देखिएमा राष्ट्रिय पाठ्यक्रम विकास तथा मूल्याङ्कन परिषद्को स्वीकृति लिने,

(छ) नेपाल सरकारले तोकिदिएको तलब स्केलमा नघटाई शिक्षकलाई तलब दिने,

(ज) अनुशासनहीन शिक्षक उपर कारबाही गर्ने,

(झ) राम्रो काम गर्ने शिक्षकलाई पुरस्कृत गर्ने ।

**२० अभिभावक, शिक्षक तथा विद्यार्थी संघको गठन, काम, कर्तव्य र अधिकारः**

(१) सामुदायिक विद्यालयमा अभिभावक, शिक्षक तथा विद्यार्थी बीच सहकार्य तथा सामाजिक परीक्षण गरी सुव्यवस्थापनमा सहयोग गर्नका लागि प्रत्येक विद्यालयमा देहायका सदस्यहरू रहेको एक अभिभावक, शिक्षक तथा विद्यार्थी संघ रहने छ :

(क) विद्यालयका अविभावकहरुको भेलाबाट छनौट गरेको व्यक्ति -अध्यक्ष

(ख) अभिभावकले आफूहरुमध्येबाट छानी पठाएका कम्तीमा दुईजना महिला सहित चार जना -सदस्य

(ग) विद्यालय रहेको सम्बन्धित वडाका जनप्रतिनिधिहरु मध्येबाट सो वडा समितिले मनोनयन गरेको एकजना -सदस्य

(घ) विद्यालयका संस्थापक, स्थानीय बुद्धिजिवी, शिक्षाप्रेमी, विद्यालयलाई निरन्तर उल्लेख्य सहयोग गरेका व्यक्तिहरूमध्येबाट विद्यालय व्यवस्थापन समितिले मनोनीत गरेको एकजना महिला सहित तिन जना-३ सदस्य

ङ) बालक्लव अध्यक्ष १ जना सदस्य

(च.) विद्यालयका शिक्षकले आफूहरुमध्येबाट छानी पठाएको शिक्षक प्रतिनिधि एक जना -सदस्य सचिव

(२) एकअभिभावक, शिक्षक तथा विद्यार्थी संघको काम, कर्तव्य र अधिकार देहायबमोजिम हुनेछः-

(क) विद्यालयमा स्वच्छ शैक्षिक वातावरण निर्माण गर्न विद्यालय व्यवस्थापन समितिलाई सहयोग गर्ने,

(ख) विद्यालयको सामाजिक परीक्षण गर्ने ।

(ग) अभिभावक सचेतना कार्यक्रम सञ्चालन गर्न विद्यालय व्यवस्थापन समितिलाई सहयोग गर्ने ।

(घ) विद्यालय भर्ना अभियान सञ्चालन गर्न विद्यालय व्यवस्थापन समितिलाई सहयोग गर्ने ।,

(ङ) तोकिए बमोजिमका अन्य कार्य गर्ने ।

**२१.** शैक्षिक गुठी अन्तर्गत सञ्चालन भएका विद्यालयको सञ्चालन, रेखदेख तथा व्यवस्थापन सम्बन्धी व्यवस्था तोकिए बमोजिम हुनेछ ।

**२२.** विद्यालय व्यवस्थापन समितिको अन्य काम, कर्तव्य, अधिकार र बैठक सम्बन्धी कार्यविधि तोकिए बमोजिम हुनेछ ।

## परिच्छेद - ६
## शिक्षक नियुक्ति सम्बन्धी व्यवस्थाः

**२३. करारमा शिक्षक नियुक्ति सम्बन्धी व्यवस्थाः** (१) स्वीकृत दरवन्दीमा स्थायी शिक्षक नियुक्ति हुन नसकी तत्काल करारमा शिक्षक नियुक्ति गर्नु पर्ने भएमा व्यवस्थापन समितिले शिक्षा अधिकृत मार्फत करारमा शिक्षक नियुक्तिको लागि प्रकाशित भएको सूची माग गर्नु पर्नेछ ।

(२) उपनियम (१) बमोजिम माग गरेको सूची प्राप्त भए पछि सूचीमा रहेका उम्मेदवारमध्ये समितिले बढीमा एक शैक्षिक सत्रको लागि करारमा शिक्षक नियुक्ति गर्न सक्नेछ ।

(३) उपनियम (१) बमोजिम आयोगबाट प्रकाशित सूचीमा करारका लागि कुनै उम्मेदवार नरहेमा वा सूचीमा समावेश भएका उम्मेदवारले शिक्षक पदमा नियुक्त हुन निवेदन नदिएमा व्यवस्थापन समितिले शिक्षक छनौट समितिको सिफारिसमा बढीमा एक शैक्षिक सत्रको लागि योग्यता पुगेका कुनै व्यक्तिलाई करारमा शिक्षक नियुक्ति गर्न सक्नेछ ।

(४) उपनियम (२) वा (३) बमोजिम करारमा शिक्षक नियुक्ति गर्दा शिक्षा शाखाबाट दरवन्दी रिक्त रहेको व्यहोरा प्रमाणित गराएर विषय मिल्ने गरी मात्र करारमा शिक्षक नियुक्ति गर्न सकिनेछ ।

(५) उपनियम (३) बमोजिम शिक्षक नियुक्ति गर्न कम्तीमा पन्ध्र दिनको सार्वजनिक सूचना सम्भाव्य सवै माध्यमवाट प्रकाशन गर्नुका साथै वडा कार्यालय वा नगर कार्यपालिका र सम्बन्धित विद्यालय समेतमा त्यस्तो सूचना टाँस्नु पर्नेछ । यस्तो सुचना सम्बन्धित स्थानीय तहको Website मा समेत राख्ने व्यवस्था मिलाउनु पर्ने छ ।

(६)उपनियम (३) बमोजिम शिक्षक पदमा नियुक्त हुन निवेदन दिने उम्मेदवारले आफ्नो शैक्षिक योग्यता, नेपाली नागरिकताको प्रमाणपत्र, अध्यापन अनुमतीपत्र र निवेदन साथ पेश गर्नु पर्नेछ । तर कम्पयुटर र गणित विज्ञान विषयमा अध्यापन अनुमती पत्र नभए पनि नियमअनुसार नियुक्ती गरिनेछ । विद्यालयको कुनै रिक्त पद वा दरवन्दी पुर्ती गर्न वा शिक्षक नियुक्त गर्दा गरिएको विज्ञापनमा एक मात्र उमेद्वारको निवेदन पर्न आएमा उक्त पदको लिखित परिक्षा लिनुपर्ने र परिक्षामा ४० प्राप्तांक सहित शिक्षक छनौट समितिको सिफारिस मा विदालय व्यवस्थापन समितिबाट नियुक्ती गरि अनुमोदनका लागी नगर शिक्षा समितिको सिफारिस सहित नगर प्रमुख समक्ष पेश गरि नगर प्रमुख ले वा नगर प्रमुखले तोकेको अधिकारी ले सोतह नियुक्ती गर्नेछ ।

(७) विद्यालयले यस नियम बमोजिम करारमा शिक्षक नियुक्त गरेको जानकारी शिक्षा शाखालाई दिनु पर्नेछ र शिक्षा शाखाले सोको अभिलेख राखेको प्रमाण विद्यालयलाई दिनु पर्नेछ ।

(८) उपनियम (२) वा (३) मा जुनसुकै कुरा लेखिएको भए तापनि करारमा शिक्षक नियुक्त भएको एक शैक्षिक सत्र सम्म पनि रिक्त पदमा स्थायी पद पुर्ति नभएमा व्यवस्थापन समितिले एक पटक मा मात्र अधिकतम एक वर्षका लागि करारको म्याद थप गर्न सक्नेछ ।

९) उपनियम (८) बमोजिम करार गरिएको जानकारी विद्यालयले स्थानीय शिक्षा शाखालाई दिनु पर्नेछ ।

(१०) यस नियम वमोजिमको प्रक्रिया नपुऱ्याई शिक्षक नियुक्ति गरेमा त्यस्तो नियुक्ति बदर गरी सम्बन्धित प्रधानाध्यापकलाई विभागीय कारबाही गरिनेछ ।

(११) विद्यालयमा रिक्त हुन आएका दरवन्दी हरुमा तत्काल विद्यालयहरुबाट शिक्षक दरवन्दी पद पुर्ती गर्नका लागि विषय विज्ञहरुको छनौट गरिने छ । विषष विज्ञहरुको छनौट को आधार तोकिए बमोजिम हुनेछ ।

**२४. शिक्षकको नियुक्तिका लागि शिक्षक छनौट समिति :**

(१) विद्यालयमा रिक्त दरवन्दी तथा राहत शिक्षक पदमा अस्थायी तथा करार नियुक्तिका व्यवस्था देहाय वमोजिमको छनौट समितिबाट हुनेछ :

क) सम्बन्धीत विद्यालयको विद्यालय व्यवस्थापन समितिको अध्यक्ष – संयोजक

ख) नगरशिक्षा समितिको अध्यक्षले तोकेको विषय विज्ञ एक जना – सदस्य

ग) नगरपालिकाको शिक्षा शाखाप्रमुख – सदस्य

घ) सम्बन्धित विद्यालय व्यवस्थापन समितीले मनोनीत गरेको विषय विज्ञ १ जना – सदस्य

ङ) सम्बन्धीत विद्यालयको प्रधानाध्यापक सदस्य–सचिव

.

**२५. दरबन्दी नभएको पदमा शिक्षक वा कर्मचारी नियुक्ति वा सरुवा गर्न नहुनेः**

(१) शिक्षक वा कर्मचारीलाई दरबन्दी रिक्त नरहेको वा दरवन्दी नभएको विद्यालयमा नियुक्ति वा सरुवा गर्नु हुँदैन ।

(२) विषयको शिक्षक नरहेको विद्यालयमा अर्को विषयको शिक्षक नियुक्ति वा सरुवा गर्नु हुँदैन ।

(३) उपनियम (१) वा (२) विपरीत कसैले कुनै शिक्षक वा कर्मचारी नियुक्ति वा सरुवा गरेमा त्यस्तो शिक्षक वा कर्मचारीको लागि तलब भत्ता बापत खर्च भएको रकम त्यसरी नियुक्ति वा सरुवा गर्ने अधिकारीबाट असुल उपर गरी त्यस्तो अधिकारीलाई विभागीय कारबाही गरिनेछ ।

**२६. सरुवा सम्बन्धी व्यवस्था :**

(१) चापाकोट नगरपालिका भित्र एक विद्यालयवाट अर्को विद्यालयमा विषय मिल्ने दरबन्दी मा नगर शिक्षा समिती ले सरुवा गर्नेछ ।

(२) नगरपालिका भित्रको जुनसुकै विद्यालयको स्थायी अस्थायी शिक्षक तथा स्थायी कर्मचारीको सरुवा गर्न सकिने छ । तर आफै सरुवा हुन चाहने शिक्षकले अनुसुची २ बमोजिमको ढाँचामा निवेदन दिनुपर्ने छ ।

(३) शिक्षकको सरुवा आवश्यकता अनुसार शैक्षिक सत्रको जुनसुकै महिनामा गरिनेछ ।

(४) एक पटक सरुवा भएको शिक्षकलाई त्यस विद्यालयबाट आवश्यकता परेमा आवश्यकताअनुसार सरुवा गरिनेछ । तर कुनै विद्यालयमा कार्यरत शिक्षक असक्त भई सो स्थानमा निजको उपचार हुन नसक्ने व्यहोरा नेपाल सरकारले तोकेको मेडिकल बोर्ड वा स्वीकृत चिकित्सकले सिफारिस गरेमा निजलाई जुनसुकै वखत पनि सरुवा गर्न सकिनेछ ।

(५) शिक्षक सरुवा गर्दा शिक्षकको तह र अध्यापन गर्ने विषय मिलाउनु पर्नेछ ।

(६) शिक्षकलाई सरुवा गर्दा देहाय बमोजिमको मापदण्डका आधारमा गर्नु पर्नेछ :

(क) तोकिएको जिम्मेवारी तोकिएको समय भित्र पूरा नगरेको भनी सम्बन्धित विद्यालय व्यवस्थापन समितिको निर्णय सहित विद्यालय निरीक्षकबाट सिफारिस भएमा,

(ख) एउटा विद्यालयमा आवश्यकता भन्दा बढी एकै विषयका शिक्षक भएमा,

(ग) दरवन्दी मिलान गर्ने क्रममा तोकिएको मापदण्ड भन्दा बढी शिक्षक भएमा,

(घ) उपनियम (५) को प्रतिबन्धात्मक वाक्यांशमा लेखिए बमोजिमको अवस्था भएमा,

(ङ) विपद्का कारणबाट विद्यालय र विद्यालय रहेको समुदाय नै अन्यत्र स्थानान्तरण गर्नु पर्ने अवस्थामा चापाकोट नगरपालिकाको विपद् व्यवस्थापन समितिले सिफारिस गरेमा,

(च) नैतिक आचरण तथा निजको व्यक्तिगत अनुशासन लगायतका कारणबाट कुनै शिक्षकलाई सो विद्यालयमा राखिरहँदा विद्यालयको शैक्षिक वातावरण खलवलिएको वा खलवलिन सक्ने ब्यहोरा विद्यालय व्यवस्थापन समितिबाट निर्णय भई आएमा,

(छ) कुनै शिक्षकले उत्कृष्ट नतिजा ल्याउन सफल रहेको वा विशेषज्ञता सेवा प्रवाह गरेको अवस्थामा उक्त सेवालाई अन्य विद्यालयमा उपयोग गर्न आवश्यक देखिएमा,

(ज) पति पत्नि दुवै शिक्षक रहेको अवस्था भए सकभर एकै विद्यालय वा वडा भित्र पर्ने गरी सरुवा गर्नु परेमा ।

(झ) शिक्षक सरुवाको अन्य मापदण्ड कार्यपालिकाले तोके वमोजिम हुनेछ ।

(८) स्थायी नियुक्ति भएको एक वर्ष नपुगेको शिक्षक र अनिवार्य अवकाश हुन एक वर्ष वा सो भन्दा कम अवधि बाँकी रहेको शिक्षकलाई एक विद्यालयबाट अर्को विद्यालयमा सरुवा गरिने छैन ।

(९) उपनियम (७) बमोजिम सरुवा गर्दा साधारणतया अपाङ्गता भएका शिक्षक शिक्षिका र महिलालाई पायक पर्ने स्थानमा सरुवा गरिनेछ ।

(१०) शिक्षक सरुवा गर्दा लामो अवधि एकै विद्यालयमा वसेकालाई पहिलो प्राथमिकता दिइनेछ ।

(११) सरुवा भएको एक्काइस दिनभित्र प्रधानाध्यापकले सम्बन्धित शिक्षक वा कर्मचारीलाइ तोकिएको ढाँचामा रमाना पत्र दिई सोको जानकारी सम्बन्धित विद्यालय र शिक्षा शाखालाई समेत दिनु पर्नेछ ।

**२७.अन्तर स्थानीय तह शिक्षक सरुवा सहमती सम्वन्धी :** (१) अन्तर स्थानीय तह शिक्षक सरुवा हुन चाहने शिक्षकले सरुवाको लागि शिक्षा अधिकृत समक्ष निवेदन दिनु पर्नेछ ।

(२) यस नियमको प्रयोजनको लागि शिक्षा शाखाले प्रत्येक महिनामा रिक्त रहेका शिक्षकहरूको पद संख्या यकिन गरी प्रदेश मन्त्रालयमा पठाउनु पर्नेछ ।

(३) उपनियम (१) बमोजिम अन्तरस्थानीय तह सरुवाको लागि निवेदन दिने शिक्षकलाई सरुवा भई जान चाहेको विद्यालय र सोसँग सम्बन्धित शिक्षा शाखा तथा आफू सेवारत विद्यालय र शिक्षा शाखाको सरुवा सहमतिको सिफारिस आवश्यक पर्नेछ । तर यस नियमावलीमा सरुवा गर्ने मापदण्ड विपरित हुने गरी सरुवा सहमती दिइने छैन ।

**२८. . प्रधानाध्यापक सम्बन्धी व्यवस्थाः**

(१) सामुदायिक विद्यालयमा एक प्रधानाध्यापक रहनेछ ।

(२) प्रधानाध्यापकको नियुक्ति, सेवाको सर्त र सुविधा सम्बन्धी व्यवस्था देहाय बमोजिम हुनेछ :

क) माध्यमिक तहमा स्थायी र स्नातकोत्तर उपाधि प्राप्त शिक्षक हुनु पर्नेछ । सो नभएमा स्नातकोत्तर योग्यता प्राप्त दरवन्दी राहत अस्थाई करार शिक्षक मध्येबाट प्रधानाध्यापक नियुक्ति विद्यालय व्यवस्थापन समितिले नगर शिक्षा समिति मार्फत नगरपालिकामा सिफारिस गर्ने छ । शिक्षक नियुक्ती गर्दा IT नलेज भयकोलाई प्राथामिक दिनु पर्ने ।

ख) आधारभूत तहमा स्थायी, र स्नातक उपाधि प्राप्त शिक्षक हुनु पर्नेछ । सो नभएमा स्नातक योग्यता प्राप्त शिक्षक अस्थाई करार मध्येबाट प्रधानाध्यापक नियुक्ति विद्यालय व्यवस्थापन समितिको सिफारिसमा नगर शिक्षा समितिबाट गरिनेछ । तर आधारभुत १-३ तथा १-५, मा स्थायी र वाह्र कक्षा पास भएको शिक्षक प्र. अ हुनु सक्नेछ ।

ग) प्रधानाध्यकपले नियुक्ति हुनु पूर्व पाँच बर्षे विद्यालय सूधारको कार्ययोजना विद्यालय व्यवस्थापन समिति समक्ष पेस गर्नु पर्ने छ ।

घ) प्रधानाध्यापकको अवधी ५ बर्षको हुनेछ । निज बढीमा २ कार्यकाल मात्र सो पदमा वहाल रहन पाउनेछ ।

ग) विद्यालयको व्यवस्थापकीय नेतृत्व तथा शैक्षिक प्राविधिक नेतृत्व गरी विद्यालयको बृहत्तर हित गर्नु प्रधानाध्यापकको कर्तव्य हुनेछ ।

घ) निजले पेस गरेको कार्ययोजना बमोजिम कार्य गरेको नपाईएमा व्यवस्थापन समितिका सिफारिसमा नगर शिक्षा समितिले हटाउन सक्नेछ तर एक पटक स्पष्टिकरणको मौका दिईनेछ ।

## परिच्छेद - ७
## स्रोतकेन्द्र सम्बन्धी व्यवस्था

**२९.स्रोतकेन्द्र स्थापना :**

(१)नगरपालिका क्षेत्रभित्र सामुदायिक र संस्थागत विद्यालयको निरीक्षण, तथा शैक्षिक सहजीकरणका लागि न्युनतम एउटा स्रोतकेन्द्र रहने छ। तर ३० भन्दा बढी विद्यालय भएमा दुइ ओटा र ५० भन्दा बदी विद्यालय भएमा बढीमा ३ ओटासम्म स्रोतकेन्द्र रहने छ।

(२) स्रोतकेन्दमा माध्यमिक तहको स्थाई शिक्षक मध्येवाट तोकिए बमोजिम छनोट गरिएको स्रोतव्यक्ति रहनेछ र एक जना आधारभुत तहको शिक्षकलाइ स्रोत शिक्षकको रुपमा काजमा खटाउन सकिनेछ।

(३) स्रोतकेन्द तथा स्रोतव्यक्तिबाट बार्षिक तथा मासिक कार्ययोजना बनाई शिक्षा शाखा प्रमुख बाट स्वीकृत भए अनुसार विद्यालयको नियमित अनुगमन, नमुना कक्षा प्रदर्शन, शैक्षणिक सहयोग, नेपाल सरकार तथा नगरपालिकाको निर्णय, निर्देशन र सूचना प्रवाह तथा कार्यान्वियन गर्नु पर्नेछ।

## परिच्छेद ८
## प्राविधिक तथा व्यवसायिक शिक्षा

**३०.**. नगरपालिका क्षेत्रमा सञ्चालित सामुदायिक विद्यालयमा प्राविधिक तथा व्यवसायिक शिक्षाका साथ सि.टि.ई.भिटी कार्यक्रम निर्धारित विषय अध्यापन गराउन सकिने छ । यस्ता विद्यालयको सञ्चालनका लागि नगरपालिले सम्भाव्यता अध्ययन , विद्यालयलाई थप सुविधा प्रदान र आवस्यक स्रोत पहिचान र परिचालन गर्न सक्नेछ।

**३१.खुल्ला तथा विशेष शिक्षा :** नगरपालिका भित्र खुल्ला तथा विशेष शिक्षा सम्वन्धी कार्यक्रम संचालन गर्ने, केन्द्रको निर्देशनको आधारमा हुनेछ।

## परिच्छेद - ९
## शिक्षा कोष सम्बन्धी व्यवस्था

**३२. नगर शिक्षा कोष**ः (१) चापाकोट नगरपालिकामा एउटा नगर शिक्षा कोष स्थापना हुनेछ , जसमा देहायका रकमहरु रहनेछन् ।

क) नेपाल सरकार बाट प्राप्त अनुदान

ख) प्रदेश सरकारबाट प्राप्त अनुदान

ग) नगरपालिका बाट प्राप्त अनुदान

घ) शुल्कबाट आउने रकम

ङ) चन्दा वा दना दातव्यबाट प्राप्त रकम र

च) अन्य स्रोतवाट प्राप्त रकम ।

(२) उपदफा (१) बमोजिमको कोषको सञ्चालन र लेखापरीक्षण तोकिए बमोजिम हुनेछ ।

**३३. विद्यालय कोष :**

क) नेपाल सरकारबाट प्राप्त अनुदान

ख) प्रदेश सरकारबाट प्राप्त अनुदान

ग) नगरपालिकाबाट प्राप्त अनुदान

घ) शुल्कबाट आउने रकम

ङ) चन्दा वा दना दातव्यबाट प्राप्त रकम र

च) अन्य स्रोतवाट प्राप्त रकम ।

(२) उपदफा (१) बमोजिमको कोषको सञ्चालन र लेखापरीक्षण तोकिए बमोजिम हुनेछ ।

## परिच्छेद १०
## शिक्षा आयोग सम्बन्धी

**३४.** शिक्षक तथा कर्मचारी दरवन्दी, नियुक्ति तथा बढुवा सम्वन्धी व्यवस्था प्रदेश सभाको शिक्षा सेवा सम्बन्धी आयोगमा व्यवस्था भए बमोजिम हुनेछ ।

## परिच्छेद ११
## छात्रबृत्ति, शुल्क तथा सहुलियत सम्बन्धी

**३५. छात्रवृत्तिको व्यवस्था गर्न सक्ने :** (१) नगरपालिकाले माध्यामिक शिक्षाको लागि विद्यालयमा भर्ना हुने विद्यार्थीलाई तोकिए बमोजिम छात्रवृत्तिको व्यवस्था गर्न सक्नेछ ।

**३६. संस्थागत विद्यालयले छात्रवृत्ति उपलब्ध गराउनु पर्ने :** (१)संस्थागत विद्यालयले विद्यालयमा भर्ना भएका कुल विद्यार्थी संख्याको कम्तीमा दश प्रतिशतमा नघट्ने गरी नियम बमोजिम विपन्न, अपाङ्ग, महिला, दलित वा जनजाति विद्यार्थीलाई नि :शुल्क छात्रवृत्ति उपलब्ध गराउनु पर्नेछ ।

(२) उपदफा (१) बमोजिम छात्रवृत्तिको लागि विद्यार्थी छनौट गर्न प्रत्येक विद्यालयमा विद्यालयको प्रधानाध्यापक, शिक्षा शाखाको प्रतिनिधी र विद्यालय व्यवस्थापन समितिमा रहेको अभिभावकको प्रतिनिधि रहेको एक छात्रवृत्ति छनौट समिति रहनेछ ।

(३) उपदफा (१) बमोजिम छात्रवृत्ति को लागि विद्यार्थी छनौट गर्ने आधार तोकिए बमोजिम हुनेछ ।

**३७. शुल्क सम्बन्धी व्यवस्था :** (१) नेपाल सरकारले नि :शुल्क शिक्षा घोषणा गरेको विद्यालय शिक्षाका लागि सामुदायिक विद्यालयले विद्यार्थीको नाममा कुनै किसिमको शुल्क लिन पाउने छैन ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि कुनै अभिभावकले आफ्नो इच्छाले सामुदायिक विद्यालयलाई दिएको दान, उपहार, चन्दा वा सहयोग लिन सकिनेछ ।

**३८.** सबै बालबालिकालाई आधारभूत तहसम्मको शिक्षा अनिवार्य र नि :शुल्क शिक्षा प्रदान गर्नको लागि नगरपालिकाले स्रोतको व्यवस्था गर्नेछ ।

**३९.** दृष्टिविहिन बालबालिकालाई ब्रेललिपि तथा बहिरा र स्वर वा बोलाइ सम्बन्धी अपाङ्गता भएका बालबालिकालाई साङ्केतिक भाषाको माध्यमबाट नि :शुल्क शिक्षा प्रदान गर्ने व्यवस्था गरिनेछ ।

**४०.** नि :शुल्क शिक्षा घोषणा गरेको विद्यालय शिक्षा बाहेकको अन्य विद्यालय शिक्षामा अध्ययन गर्ने विद्यार्थीसँग लिइने शुल्क तोकिएको आधारमा निर्धारण गरिने छ ।

**४१..** विद्यालयले विद्यार्थीलाई कुनै कक्षामा भर्ना गर्दा एकपटक भर्ना शुल्क लिइसकेपछि सोही विद्यालयको अर्को कक्षामा भर्ना गर्नको लागि कुनै किसिमको शुल्क लिन पाउने छैन ।

**४२.** विद्यालयले विद्यालयको भौतिक संरचना निर्माण गर्नको लागि विद्यार्थीसँग कुनै किसिमको शुल्क लिन पाउने छैन ।

## परिच्छेद १२.
## विद्यालयको सम्पत्ति सम्बन्धी व्यवस्था

**४३. विद्यालयको सम्पत्ति :** (१) सामुदायिक विद्यालयको हकभोगमा रहेको सम्पत्ति सार्वजनिक सम्पत्ति मानिनेछ । यस विधेयक बमोजिम अनुमति वा स्वीकृति रद्द गरिएको वा कुनै विद्यालयमा गाभिएको सामुदायिक विद्यालयको सम्पत्ति नगरपालिकाका अन्य विद्यालयको काममा प्रयोगमा नआउने भएमा प्रचलित कानून बमोजिम बेचबिखन गरी प्राप्त भएको रकम सम्बन्धीत नगर शिक्षा कोषमा जम्मा गर्नेछ ।

(२) शैक्षिक गुठी अर्न्तगत सञ्चालित संस्थागत विद्यालयको सम्पत्ति सोही विद्यालयको नाममा रहनेछ । कुनै विद्यालय सार्वजनिक शैक्षिक गुठीको रुपमा सञ्चालन गरिएकोमा त्यस्तो विद्यालयको सम्पत्ति सार्वजनिक सम्पत्ति मानिनेछ र त्यस्तो सम्पत्तिको स्वरुप परिवर्तन गर्न पाइने छैन ।

(३) उपदफा (२) मा जुनसुकै कुरा लेखिएको भए तापनि शैक्षिक गुठी वा त्यस्तो गुठीका सञ्चालकले आफ्नो लगानीको पूरै वा आंशिक हिस्सा तोकिए बमोजिम उत्तराधिकारीलाई हस्तान्तरण गर्न सक्नेछ ।

(४) कुनै कारणले शैक्षिक गुठी अन्तर्गत सञ्चालित विद्यालय बन्द भएमा त्यस्तो विद्यालयको नाममा रहेको सम्पत्तिमध्ये सार्वजनिक गुठीको रुपमा सञ्चालित विद्यालयको सम्पत्ति सार्वजनिक सम्पत्ति हुनेछ र त्यस्तो सम्पत्ति नगरपालिकाले कुनै सामुदायिक विद्यालय वा शैक्षिक संस्थाको काममा प्रयोगमा ल्याउन सक्नेछ र निजी गुठी अन्तर्गत सञ्चालित विद्यालयको सम्पत्ति उपदफा (३) बमोजिम कसैलाई हस्तान्तरण नगरेको भएमा त्यस्तो गुठीका तत्काल कायम रहेका गुठी सञ्चालक (ट्रष्टी) ले तोके बमोजिमको विद्यालय वा शैक्षिक संस्थालाई दिन सक्नेछ ।

(५) उपदफा (४) बमोजिम निजी गुठीका सञ्चालकले सो सम्पत्ति कुनै विद्यालय वा शैक्षिक संस्थालाई नदिएमा वा त्यस्ता गुठीका सञ्चालक नै नभएमा सो विद्यालयको नाममा रहेको सम्पत्ति नगरपालिकाले कुनै सामुदायिक विद्यालय वा कुनै शैक्षिक संस्थालाई उपलब्ध गराउन सक्नेछ ।

**४४.** कम्पनी अन्तर्गत सञ्चालित संस्थागत विद्यालयको सम्पत्ति सोही कम्पनीको नाममा रहनेछ ।

**४५.** संस्थागत विद्यालयले कुनै व्यक्ति वा संघ संस्थासँग दान दातव्यको रुपमा कुनै किसिमको चल, अचल, सम्पत्ति प्राप्त गर्नु अघि सम्बन्धीत नगरशिक्षा समितिको स्वीकृति लिनु पर्नेछ । तर विदेशी व्यक्ति वा संघ संस्थाबाट त्यसरी चल, अचल सम्पत्ति प्राप्त गर्नु अघि नेपाल सरकारको पत्र स्वीकृति लिनु पर्नेछ ।

**४६.** प्राप्त गरेको सम्पत्ति नेपाल सरकारको स्वीकृति बेगर बेचबिखन गर्न पाइने छैन ।

## परिच्छेद १३
## दण्ड सजाय सम्वन्धी व्यवस्था

**४७ दण्ड सजाय सम्बन्धी** : (१) कसैले विद्यालयको सम्पत्ति हिनामिना वा नोक्सान गरेमा त्यस्तो व्यक्तिलाई मुद्दा हेर्ने अधिकारीले बिगो असुल गरी बीगो बमोजिम जरिवाना गर्न सक्नेछ ।

(२) कसैले देहायको कार्य गरेमा, गर्न लगाएमा वा सो कार्य गर्न सहयोग पुऱ्याएमा त्यस्तो व्यक्तिलाई कसूरको मात्रा हेरी एकलाख रुपैयाँ सम्म जरिवाना वा ६ महिनासम्म कैद वा दुवै सजाय हुनेछ :-

क) प्रश्नपत्रको गोपनीयता भङ्ग गरेमा,

ख) उत्तरपुस्तिका परीक्षण गर्दा लापरबाही वा गैर जिम्मेवारपूर्ण कार्य गरेमा,

ग) परीक्षा केन्द्रमा सम्बन्धीत पदाधिकारीको स्वीकृति बेगर प्रवेश गर्न प्रयत्न गरेमा वा प्रवेश गरेमा वा परीक्षा केन्द्र नियन्त्रणमा लिई अमर्यादित कार्य गरेमा,

घ) परीक्षाफल प्रकाशनमा अनियमितता गरेमा,

ङ) अरुको तर्फबाट परीक्षा दिएमा,

च) परीक्षाको मर्यादा भङ्ग हुने अन्य कुनै कार्य गरेमा,

छ) विद्यर्थी भर्ना गर्दा दान, उपहार वा कुनै रकम लिएमा,

ज) अनुमती नलिई कुनै शैक्षिक कार्यक्रम, शैक्षिक परामर्श सेवा, ब्रिज कोर्स, भाषा शिक्षण कक्षा तथा पूर्व तयारी कक्षा सञ्चालन गरेमा ।

**४८.** दफा ३७(१) (२) बमोजिमको कसुरको सम्बन्धमा विद्यालयको कुनै शिक्षक वा कर्मचारी उपर मुद्दा हेर्ने अधिकारी वा अदालतमा मुद्दा दायर भएमा त्यस्तो शिक्षक वा कर्मचारी त्यसरी मुद्दा दाएर भएको मितिदेखि मुद्दाको टुङ्गो ठहरिएमा निजलाई यस ऐन बमोजिम विभागीय सजाय गरिनेछ ।

**४९.** दफा ३७(१) (२) मा लेखिएदेखि बाहेक कसैले यो ऐन वा यस ऐन अन्तर्गत बनेको नियम उल्लघंन गरेमा तोकिएको अधिकारीले देहाय बमोजिम सजाय गर्न सक्नेछ :-

क) विद्यालयका शिक्षक वा कर्मचारीलाई विभागीय सजाय गर्ने,

ख) विद्यार्थीलाई विद्यालय वा छात्रावास वा परीक्षाबाट निष्काशन गर्ने,

ग) कसूरको मात्रा हेरी एक हजार रुपयाँ देखि पच्चीस हजार रुपैँयासम्म जरिवाना गर्ने,

घ) विद्यालयलाई सरकारी सहायता घटाउने, रोक्ने वा बन्द गर्ने,

ङ) विद्यालयलाई प्रदान गरिएको अनुमति वा स्वीकृति रद्द गर्ने ।

**५०.** सम्पत्ति सम्बन्धी मुद्दाको तहकिकात र दायरी : (१) सरकारी मुद्दा सम्बन्धी ऐन, २०४९ मा जुनसुकै कुरा लेखिएको भए तापनि सजाय हुने कसूर सम्बन्धी मुद्दाको तहकिकात तोकिएको अधिकारीले गर्नेछ र यस्तो तहकिकातको काम पूरा गरी मुद्दा हेर्ने अधिकारी समक्ष सम्वन्धीत विद्यालयको नामबाट मुद्दा दायर गर्नेछ ।

(२) उपदफा (१) बमोजिम मुद्दा तहकिकात र दायर गर्दा तोकिएको अधिकारीले सरकारी वकीलको राय सल्लाह लिन सक्नेछ ।

**५१.** मुद्दा हेर्ने अधिकारी : दफा ३७(१) बमोजिम सजाय हुने कसूर सम्बन्धी मुद्दामा प्रमुख जिल्ला अधिकारीले कारबाही र किनारा गर्नेछ ।

**५२** नेपाल सरकारवादी हुने : (१) दफा ३७(२) बमोजिमको मुद्दा नेपाल सरकारवादी हुनेछ ।

(२) दफा ३० बमोजिमको मुद्दा सरकारी मुद्दा सम्बन्धी ऐन, २०४९ को अनुसूची -१ मा समावेश भएको मानिनेछ ।

**५३.** पुनरावेदन : (१) प्रमुख जिल्ला अधिकारीले गरेको सजायको आदेश उपर ३५ दिन भित्र जिल्ला अदालतमा पुनरावेदन लाग्नेछ ।

(२) तोकिएको अधिकारीले गरेको सजाय उपर तोकिएको अधिकारी समक्ष पुनरावेदन लाग्नेछ ।

## परिच्छेद १४
## विदा र अवकास :

**५४. शिक्षकले पाउने विदा :**(१) शिक्षकले देहायबमोजिमका विदाहरु पाउनेछ :

(क) भैपरी आउने विदा वर्षभरिमा ६ दिन,

(ख) पर्व विदा वर्षभरिमा ६ दिन,

(ग) बिरामी विदा बर्षभरिमा १२ दिन,

(घ) सुत्केरी विदा सुत्केरीको अघि वा पछि गरी ६० दिन,

(घ.१) प्रसूति स्याहार विदा १५ दिन,

(ङ) किरिया विदा १५ दिन,

(च) असाधारण विदा एकपटकमा एक वर्षमा नबढाई नोकरीको तमाम अवधिमा बढीमा तीन वर्ष,

(छ) अध्ययन विदा नोकरीको तमाम अवधिमा एकै पटक वा पटक पटक गरी बढीमा तीन वर्ष,

(ज) बेतलबी विदा बढीमा पाँच वर्ष ।

(२) भैपरी आउने विदा र पर्व विदा आधा दिन पछि पनि लिन सकिनेछ । यस्तो विदा सञ्चित हुने छैन ।

(३) शिक्षकले बिरामी विदा सञ्चित गर्न सक्नेछ । शिक्षकले प्रत्येक वर्ष त्यस्तो विदा निरिक्षकबाट प्रमाणीत गराई राख्नुपर्नेछ । कुनै व्यहोराले शिक्षक आफ्नो सेवाबाट अवकाश भएमा निजको सञ्चित विरामी विदा बापत निजको पदाधिकार रहेको पदमा खाइपाई आएको तलब स्केलको दरले हुन आउने रकम एकमुष्त पाउनेछ ।

(४) कुनै ठूलो वा कडा रोग लागी उपचार गर्न बिरामी विदाबाट नपुग हुने भएमा स्वीकृत चिकित्सकको प्रमाणपत्र पेश गरी शिक्षकले पछि पाउने विरामी विदाबाट कट्टा हुने गरी बाह्र दिनसम्म थप बिरामी विदा पेश्कीको रुपमा त्यस्तो विरामी भएको बखत लिन सक्नेछ । यसरी पेश्की विदा लिएको शिक्षकको मृत्यु हुन गएमा त्यस्तो पेश्की लिएको विदा स्वतः मिनाहा हुनेछ ।

(५) सञ्चित विरामी विदाको रकम लिन नपाउँदै शिक्षकको मृत्यु भएमा त्यस्तो सञ्चित बिरामी विदाको रकम निजले इच्छाएको वा नजिकको हकवालाले एकमुष्ट पाउनेछ ।

(६) सुत्केरी विदा वढीमा दुई पटकसम्म मात्र पाइनेछ ।

(६क) कुनै पुरुष शिक्षकको पत्नी सुत्केरी हुने भएमा त्यस्तो शिक्षकले सुत्केरीको अघि वा पछि गरी सुत्केरी स्याहार विदा पाउनेछ । सुत्केरी स्याहार बिदामा बसेको शिक्षकले पूरा तलब पाउनेछ र यस्तो विदा सेवा अवधिभरमा दुईपटक मात्र दिइनेछ ।

(७) शिक्षकले आफै किरिया बस्नु परेमा किरिया विदा पाउनेछ । महिला शिक्षकको पतिले किरिया बस्नु परेमा त्यस्तो महिला शिक्षकले पनि किरिया विदा पाउनेछ ।

(८) विरामी परेको अवस्थामा बाहेक घटीमा पाँच वर्ष स्थायी सेवा अवधि नपुगेको शिक्षकले असाधारण विदा पाउन सक्ने छैन ।

(९) स्थायी सेवा पाँच वर्ष पुगेको शिक्षकलाई अध्यापनसम्बन्धी विषयमा उच्च अध्ययनका लागि अध्ययन विदा दिन सकिनेछ ।

(९क) कुनै शिक्षकको पति वा पत्नी विदेशस्थित नेपाली राजदुतावास वा नियोगमा खटिई गएको प्रमाणसहित त्यस्तो शिक्षकले बेतलबी विदा माग गरेमा एकैपटक वा पटक पटक गरी तमाम नोकरी अवधिभर पाँच वर्षसम्म बेतलबी विदा पाउनेछ ।

(९ख) बेतलबी विदाको अवधि निजको सेवा अवधिमा गणना गरिने छैन ।

(१०) भैपरी आउने विदा, पर्व विदा, बिरामी विदा, किरिया विदा, प्रसुति विदा र अध्ययन विदामा बस्ने शिक्षकले पूरा तलब पाउनेछ ।

(११) असाधारण विदामा बसेको शिक्षकले तलब पाउने छैन ।

**५५. विदा दिने अधिकारी :**

१) प्रधानाध्यापकको विदा व्यवस्थापन समितिको अध्यक्षले र शिक्षकको विदा प्रधानाध्यापकले दिनेछ । तर, एकपटकमा तीन दिनमा नबढाई पर्व वा भैपरी आउने विदा प्रधानाध्यापक आफैले लिन सक्नेछ । सो भन्दा बढी पर्व वा भैपरी आउने विदा लिनु परेमा प्रधानाध्यापकले व्यवस्थापन समितिको अध्यक्षलाइ जानकारी दिनुपर्नेछ ।

२) उपनियम (१) मा जुनसुकै कुरा लेखिएको भएता पनि शिक्षकको असाधारण विदा, बेतलबी विदा र अध्ययन विदा व्यवस्थापन समितिको सिफारिसमा नगर शिक्षा समितिले मात्र दिन सक्नेछ ।

**५६. विदा नलिएको दिन सेवा अवधिमा गणना नहुने** : शिक्षकले विदा नलिई विद्यालयमा अनुपस्थित भएको दिन निजको सेवा अवधिमा गणना हुने छैन ।

**५७. अस्थायी शिक्षकको विदाको रकम सम्बन्धमा :** अस्थायी शिक्षकले बर्षे वा हिँउदे विदा उपभोग गर्न नपाउदै अवकाश पाएमा दश महिनालाई वार्षिक काम गरेको अवधि मानी दामासाहीले काम गरेको अवधिको विदा रकम पाउनेछ ।

**विदा सहुलियत मात्र हुने :** विदा अधिकारको कुरा नभएर सहुलियत मात्र हुनेछ ।

**५८.** ३० वर्ष स्थायी सेवा अवधि पार गरेका शिक्षकहरुलाई अवकाश का लागि प्रोत्साहन गरिनेछ ।

## परिच्छेद १५
## विविध

**५९. सरकारले निर्देशन दिन सक्ने :** (१) स्थानिय सरकारले आवश्यकता अनुसार नगरशिक्षा समिति र विद्यालय व्यवस्थापन समितिलाई निर्देशन दिन सक्नेछ ।

(२) उपदफा(१) बमोजिम दिइएको निर्देशनको पालना गर्नु नगर शिक्षा समिति र विद्यालय व्यवस्थापन समितिको कर्तव्य हुनेछ ।

**६०.** नगरपालिका वा तोकिएको अधिकारीले नगर शिक्षा समितिको राय लिई सञ्चालन भइरहेका कुनै विद्यालयलाई एक स्थानबाट अर्को स्थानमा सार्न वा दुई वा दुईभन्दा बढी विद्यालयलाई गाभी एउटा विद्यालय कायम गर्न वा विद्यालयको नाम परिवर्तन गर्न वा विद्यालय बन्द गर्न वा तोकिएको ठाँउ वा क्षेत्रम विद्यालय खोल्न वा विद्यालयमा कक्षा थप गरी सञ्चालन गर्न अनुमति वा स्वीकृति दिन सक्नेछ ।

**६१. शिशु विकास केन्द्रलाई अनुदान दिन सक्ने :** प्रदेश सरकारले नगरपालिका वा नगरपालिकाका सहयोगमा खोलिएका प्रारम्भिक बाल शिक्षा केन्द्रलाई तोकिए बमोजिम अनुदान दिन सक्नेछ ।

**६२. गयल हाजिर वा गयल खारेज :** कुनै विद्यालयको शिक्षक विद्यालयमा विना जानकारी ९० दिन हाजिरी नभएमा वा  गयल भएमा  त्यस्ता गयल भएका शिक्षक तथा कर्मचारीको गयल हाजिर खारेज गरि शिक्षक पद वाट बर्खास्त गरिनेछ ।

**६३. प्रारम्भिक बाल शिक्षा सम्बन्धी व्यवस्था :** प्रारम्भिक बाल शिक्षाको सञ्चालन तथा व्यवस्थापन सम्बन्धी तोकिए बमोजिम हुनेछ ।

**६४. साझेदारीमा विद्यालय सञ्चालन गर्न सक्ने :** नगरपालिकाले सामुदायिक विद्यालय र सार्वजनिक शैक्षिक गुठी अन्तर्गत सञ्चालित विद्यालय तथा एकजना भन्दा बढी सार्वजनिक शैक्षिक गुठी अन्तर्गत सञ्चालित विद्यालयहरु विच साझेदारीमा विद्यालय सञ्चालन गराउन सक्ने छ ।

**६५. विद्यालयलाई छुट र सुविधा :** (१) प्रचलित कानुनमा जुनसुकै कुरा लेखिएको भएतापनि सामुदायिक विद्यालय र शैक्षिक गुठीको रुपमा सञ्चालित संस्थागत विद्यालयको नाममा जुनसुकै लिखित पारित गर्दा रजिष्ट्रेशन दस्तुर दिन सक्नेछ ।

**६६. नियम बनाउने अधिकार :** (१) यस ऐनको उद्देश्य कार्यान्वयन गर्न नगरपालिकाले नियम बनाउन सक्नेछ ।

(२) उपदफा (१) ले दिएको अधिकारको सर्वसामान्यतामा प्रतिकुल प्रभाव नपर्ने गरि यो नियमद्धारा खास गरी देहायका कुराहरुको व्यवस्था हुन सक्नेछ ।

क) विद्यालयको झण्डा, चिन्ह र प्रार्थना
ख) विद्यार्थीलाई लाग्ने शुल्क र सो असुल गर्ने तरिका
ग) विद्यालयलाई दिने अनुदान
घ) विद्यालयको परिक्षा
ङ) विद्यालयको अतिरिक्त कृयाकलाप र कार्यक्रम निर्धारण
च) विद्यालयको आय-व्ययको जाँच
छ) विद्यालयको सम्पत्तिको सुरक्षा

ज) विद्यालयको किताब, वही र अन्य कागजात तयार गर्ने र राख्ने तरिका
झ) विद्यालयको पुस्तकालय र वाचनालय
ञ) शिक्षण तथा विद्यालय व्यवस्थापन तालीम
ट) विद्यालयका शिक्षकहरुको अध्यापन अनुमतिपत्र, परिचयपत्र र चिन्ह
ठ) विशेष शिक्षा
ड) अनौपचारिक शिक्षा
ढ) दुर शिक्षा तथा खुल्ला शिक्षा
ण) नगरपालिका शिक्षा कोष
त) विद्यार्थी सल्लाह तथा निर्देशन सेवा
थ) आवासीय विद्यालय सञ्चालन गर्ने
द) संस्थागत विद्यालय सम्बन्धी
ध) कोचिङ क्लास, भाषा शिक्षण कला र निजी क्षेत्रमा सञ्चालित शिक्षक प्रशिक्षण काक्षा सम्बन्धी ।

६७. **निर्देशिका बनाउन सक्ने :** यस विधेयक को कार्यान्वयनका लागि नगरपालिकाले आवश्यक निर्देशिका बनाई लागु गर्न सक्नेछ ।

६८. **बाधा अड्काउ हटाउने अधिकार :** यस विधेयक वा यसको ऐन अन्तर्गत बनेका नियम लेखिए जति कुरामा सोही बमोजिम र नलेखिएको कुरामा प्रचलित नेपाल कानुन बमोजिम हुनेछ ।
**६९.** प्रमुख प्रशासकिय अधिकृत, शिक्षा अधिकृत र निरीक्षक को काम कर्तव्य अधिकार यस ऐनमा बनेका नियममा लेखिए जति कुरामा सोहि बमोजिम र नलेखिएको कुरामा तोकिए बमोजिम हुनेछ ।

७०. **बचाउ र लागु नहुने :** यो विधेयक वा यस विधेयक अन्तर्गत बनेका नियममा लेखिए जति कुरामा सोहि बमोजिम र नलेखिएको कुरामा प्रचलित नेपाल कानून बमोजिम हुनेछ । यो ऐन प्रारम्भ भएको क्षेत्रमा शिक्षा ऐन २०२८ र शिक्षा नियमहरु २०५७ लागु हुने छैन ।

अनुसूची-१

(नियम ३ सँग सम्बन्धित)

विद्यालय खोल्ने अनुमतिको लागि दिइने निवेदन

श्रीमान् नगर प्रमुख ज्यू,
चापाकोट नगरपालिका
नगरकार्यपालिकाको कार्यालय चापाकोट स्याङ्जा ।

विषय : विद्यालय खोल्ने अनुमति सम्बन्धमा

महोदय,

शैक्षिक सत्र ………………… देखि ………………… तहको विद्यालय खोल्न चाहेकोले

अनुमतिको लागि देहायका विवरणहरू खुलाई यो निवेदन गरेको छु।

(क) प्रस्तावित विद्यालयको :

१. नामः

२. ठेगानाः ……………….नगरपालिका. …………… वडा नं. ………….

गाउँ/टोल

फोनः ………………. फ्याक्स नं. ……………………………..

३. किसिमः

(१) सामुदायिक (२) संस्थागत (अ) निजी शैक्षिक गुठी (आ) सार्वजनिक शैक्षिक गुठी

४. अनुमति लिन चाहेको तह र सञ्चालन गर्ने कक्षाः

५. भविष्यमा सञ्चालन गर्न चाहेको तह र कक्षाः

(ख) प्रस्तावित विद्यालयको लागि पूरा गरिएको भौतिक पूर्वाधार :

१. भवनकोः

(१) संख्याः (२) कच्ची वा पक्की वा अर्ध पक्की

(३) आफ्नै वा बहालमा वा सार्वजनिक

२. कोठाको विवरणः

कोठाको संख्या लम्वाई चौडाई उचाई झ्याल ढोकाको अवस्था प्रकाश वत्तीको अवस्था

प्रयोजन कैफियत

३. फर्निचरको संख्याः

(१) डेस्क (२) बेञ्च (३) टेबल (४) दराज (५) मेच (६) अन्य

४. खेलकूद मैदानको अवस्था र जग्गाः (रोपनी वा विगाहामा)

५. शौचालयको संख्या : (१) छात्रले प्रयोग गर्ने (२) छात्राले प्रयोग गर्ने

६. खानेपानीको अवस्थाः

७. पुस्तकालयको अवस्था तथा पुस्तकको संख्याः

८. प्रयोगशालाः सामग्रीः

९. सवारी साधनको विवरणः

१०. शैक्षिक सामग्रीको विवरणः

(ग) विद्यार्थी संख्याः (प्रस्तावित)

कक्षा

संख्या

(घ) शिक्षक संख्याः (प्रस्तावित)

(ब) आर्थिक विवरणः (प्रस्तावित)

१. अचल सम्पत्तिः

२. चल सम्पत्तिः

३. वार्षिक आम्दानीः

४. आम्दानीको स्रोतः

माथि लेखिएका विवरण हरू ठीक साँचो छ, झुट्टा ठहरे कानून बमोजिम सहुँला बुझाउँला ।

निवेदकको-

सहीः

नामः

ठेगानाः

मितिः

संलग्न गर्नु पर्ने कागजातहरू :

(१) गुठी अन्तर्गत विद्यालय सञ्चालन गर्ने भए शैक्षिक गुठीको विधानको प्रतिलिपि ।

(२) जग्गा वा भवन भाडामा लिने भए कम्तीमा पाँच वर्षसम्मको लागि घर वा जग्गाधनीले बहालमा दिने सम्बन्धमा भएको कबुलियतनामा सम्बन्धी पत्र ।

(३) प्रस्तावित विद्यालयको क्षेत्रको शैक्षिक नक्सा ।

(४) सम्बन्धित वडासमितिको सिफारिस ।

**अनुसुचि २**

(नियम २० को सँग सम्बन्धित)

सरुवा हुन दिइने निवेदन

श्री शिक्षा अधिकृत

.............नगरपालिका ।

विषयः सरुवा सम्बन्धमा ।

मलाई निम्न विद्यालयमा सरुवा गरिदिनु हुन निम्न विवरणहरू खुलाई निवेदन गरेको छु ।

शिक्षकको नाम, थरः

स्थायी ठेगानाः

तह र श्रेणी:

हालको विद्यालयको नाम र ठेगाना:

सरुवा भई जान चाहेको विद्यालयको नाम र ठेगाना:

योग्यता र तालीम:

स्थायी नियुक्ति मिति:

हालको जिल्लामा काम गरेको अवधि:

सरुवा माग गर्नु पर्ने कारण:

निवेदकको-

सही:

नाम:

कार्यरत विद्यालय:

मिति:

(१) सरुवा भई जाने विद्यालयको व्यवस्थापन समितिको सहमति

(क) यस विद्यालयका शिक्षक श्री ...................................... लाई व्यवस्थापन समितिको मिति .......................... को निर्णय अनुसार यस विद्यालयबाट सरुवा भई जान सहमति दिइएको छ ।

विद्यालयको छाप व्यवस्थापन समितिको अध्यक्षको-

सही :

नाम :

विद्यालय :

मिति :

(ख)................नगरपालिका.... ...... अन्तर्गतको ............ विद्यालयका शिक्षक श्री ....

................................. लाई सो विद्यालयबाट सरुवा भई जान सहमति दिईएको छ ।

कार्यालयको छाप प्रमुख प्रशासकीय अधिकृत

सही :

नाम :

मिति :

(२ ) सरुवा भई आउने विद्यालयको व्यवस्थापन समिति तथा शिक्षा शाखाको सहमति

(क) .............................. विद्यालयका शिक्षक श्री .................................. लाई व्यवस्थापन समितिको मिति ...................... को निर्णय अनुसार यस विद्यालयमा सरुवा भई आउन सहमति दिइएको छ ।

विद्यालयको छाप व्यवस्थापन समितिको अध्यक्षको-

सही :

नाम :

मिति :

विद्यालय :

(ख) .............................. विद्यालयका शिक्षक श्री .................................. लाई यस नगरपालिकाको .............. विद्यालयमा सरुवा भई आउन सहमति दिइएको छ ।

शिक्षा अधिकारीको-

सही :

नाम :

कार्यालयको छाप मिति :